**<u>एजेण्डाहरु</u>**

१. सेवा प्रवाह तथा यातायात सञ्चालन सम्बन्धमा
२. स्वयंसेवक समूह परिचालन सम्बन्धमा
३. Health Desk स्थापना तथा सञ्चालन सम्बन्धमा
४. नाकामा अभिलेख व्यवस्थापन सम्बन्धमा
५. PCR मेशिन खरिद तथा ल्याब सञ्चालन सम्बन्धमा
६. विविध

**<u>निर्णयहरु</u>**

१. जिल्लामा कोरोना भाइरसको संक्रमण फैलिन नदिनका लागि सार्वजनिक सेवा प्रवाह, यातायात/आवागमन, उद्योग व्यवसाय लगायतका क्षेत्रमा देहाय बमोजिम गर्ने/गराउनेः

(क) जिल्लाभित्र सञ्चालन हुने सम्पूर्ण यात्रुवाहक सार्वजनिक यातायातका साधनहरु भोलि मिति २०७७।०४।२३ गते विहान ६:०० बजे पश्चात अर्को निर्णय नहुँदा सम्म सञ्चालनमा रोक लगाउने ।

(ख) अत्यावश्यक सेवाका साधन र अनुमति प्राप्त साधन बाहेक सम्पूर्ण सवारी साधनहरु जिल्ला प्रवेशमा पूर्णरुपमा रोक लगाउने ।राति ८:०० बजेदेखि बिहान ६:०० बजेसम्म एम्बुलेन्स बाहेक कुनै प्रकारका सवारी प्रवेश गर्न नदिने ।

(ग) अर्को निर्णय नहुँदासम्म बेलकोटगढी नगरपालिकाको कोल्पु खोला पुल देखि दुईपिपल जाने दायाँ तर्फको सडकबाट आवतजावत गर्न रोक लगाउने ।

(घ) क्वारेन्टीन तोकिएका होटल तथा लज बाहेक सबै प्रकारका चिया पसल, होटल, लज तथा रेष्टुरेन्टहरु अर्को निर्णय नहुँदा सम्म सञ्चालनमा रोक लगाउने ।

(ङ) जिल्लाभित्र रहेका मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामुहिक भेला हुन नदिने, सामूहिक रुपमा आश्रय लिइ बस्न नदिने तथा सामूहिक भेला हुने खालका कुनै किसिमका मेला, जात्रा, पर्व, समारोह हुन नदिने ।सबै प्रकारका भेला, सम्मेलन तथा जमघटका कार्यक्रम नगर्ने/नगराउने ।

(च) रङ्गशाला, खेलकुदस्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नदिने ।

(छ) विद्यालयमा उपस्थित भई गरिने पठनपाठन, कोचिङ तथा ट्युसन सेन्टरहरु सञ्चालन गर्न नदिने र वैकल्पिक सिकाई विधिको अवलम्बन गर्न विद्यालयहरुलाई निर्देशन दिने ।

(ज) १२ बर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० बर्ष पुरा भएका जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई अत्यावश्यक कार्य वाहेक घर बाहिर ननिस्कन तथा हिँडडुल नगर्न अनुरोध गर्ने ।

(झ) मिति २०७७ श्रावण २५ गते आइतबारदेखि अर्को आदेश नभएसम्मका लागि नुवाकोट जिल्ला भित्रका सबै सरकारी, निजी तथा गैर सरकारी क्षेत्रले प्रदान गर्ने सेवामध्ये सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्डअनुरुप अति आवश्यक सेवा मात्र प्रदान गर्न र तोकिएका स्वास्थ्य

स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपमा पालना गर्न सम्बद्ध सबै कार्यालयहरुलाई निर्देशन दिने ।

(ञ) माथि (ङ) बमोजिम प्रत्येक सरकारी निजी तथा गैर सरकारी क्षेत्रका कार्यालयहरुले आ-आफ्नो निकायबाट प्रदान गरिने अति आवश्यक सेवा सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया, समय र मापदण्डका बारेमा सेवाग्राही जनसमुदायलाई सूचित गर्ने ।

(ट) निर्माण सम्बद्ध कार्यालय तथा आयोजनाहरुले बाहिरी जिल्ला वा मुलुकबाट कामदार ल्याउँदा सम्बन्धित स्थानीय तहको सहमति र जिल्ला प्रशासन कार्यालयको स्वीकृतिमा मात्रै ल्याउने, त्यसरी ल्याइने कामदारलाई छुट्टै क्वारेन्टीनको व्यवस्थापन गरी परीक्षण गरेर मात्रै काममा लगाउने, कार्य सञ्चालन गर्दा न्यूनतम भौतिक दुरी कायम गर्ने, मास्क लगाउने, साबुन पानिले नियमित हात धुने वा स्यानिटाइजर लगाउने जस्ता मापदण्ड पूरा गर्ने, कामदारहरुलाई खाने तथा बस्ने छुट्टै प्रबन्ध मिलाई स्थानीय समुदाय र बाहिरी व्यक्तिहरुको सम्पर्कबाट टाढै राख्ने ।

२. स्थानीयस्तरमा कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचारमा सहजीकरण तथा शव व्यवस्थापन लगायतका कार्यहरुमा समुदायको अग्रणी भूमिका रहे हुँदा समुदायस्तरमा सचेतना प्रवर्द्धन गर्न, विदेश वा जिल्ला बाहिरबाट आएका व्यक्तिहरुको पहिचान गरी क्वारेन्टीन/होम क्वारेन्टीनमा राख्न सहजीकरण गर्न, क्वारेन्टीन/होम क्वारेन्टीनमा बस्ने व्यक्तिहरुको प्रत्यक्ष निगरानी गर्न, शंकास्पद लक्षण देखिएका व्यक्तिहरुलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन तथा मृतकको शव व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नका लागि जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७७।०४।१२ गतेको बैठकबाट हरेक वडामा वडाध्यक्षको संयोजकत्वमा गठित देहाय बमोजिमको कोरोना रोकथाम समूह (COVID-19 Prevention Group – CPG) लाई आवश्यक स्वास्थ्य सुरक्षाका सामग्री सहित सक्रियरुपमा परिचालन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्नेः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - १ जना

(ख) स्थानीय स्वास्थ्य संस्थाको प्रतिनिधि - १ जना

(ग) महिला स्वास्थ्य स्वयंसेविका - १ जना

(घ) स्थानीय सुरक्षा इकाई वा भूतपूर्व सुरक्षा कर्मचारीको प्रतिनिधि - १ जना

(ङ) स्थानीय स्तरमा कार्यरत गैससनेपाल रेडक्रस सोसाइटी वा स्वास्थ्य क्षेत्रमा क्रियाशील ) (अन्य संस्था का प्रतिनिधि - २ देखि ३ जना

३. निर्णयनं ४ बमोजिम गठित समूहलाई सम्बन्धित स्थानीय तहबाट अत्यावश्यक आधारभूत सुरक्षा सामाग्रीहरु र शंकास्पद विरामीका व्यवस्थापनका लागि लागि मास्क, थर्मोमिटर, सीटामोल, सेल्फ क्वारेन्टाइन फाराम, पंजा, हाते माइक, शंकास्पद प्रेषण (रिफर) गर्न तोकिएको अस्पताल तथा एम्बुलेन्स सहित आवश्यक सरोकारवालाहरुको टेलिफोन नम्बर सहितको विवरण लगायतका सामग्रीहरु उपलब्ध गराउन अनुरोध गर्ने ।

४. नुवाकोट जिल्ला प्रवेश गर्ने बेलकोटगढी नगरपालिका स्थित कोल्पुटार नाकालाई थप व्यवस्थित बनाउने तथा ककनी र शिवपुरी गाउँपालिका स्थित सबै नाकाहरुमा Health Desk स्थापना गरी सञ्चालनमा ल्याउने।Health Desk स्थापना तथा सञ्चालनका लागि सहयोग

पुऱ्याउन जिल्लास्थित सबै स्थानीय तहहरुलाई र सोको समन्वय तथा Health Desk सञ्चालनको संयोजन गर्न सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने ।उल्लेखित Health Desk हरु सञ्चालनका लागि आवश्यक पर्ने स्वास्थ्य सेवाका जनशक्ति सबै स्थानीय तहहरुसँग समन्वय गरी आलोपालो रुपमा खटाउने व्यवस्था स्वास्थ्य कार्यालयले मिलाउने तथा सुरक्षाका जनशक्तिहरु सबै सुरक्षा निकायको समन्वयमा खटाउने ।

५. जिल्ला प्रवेश गर्ने हरेक नाकामा जिल्ला प्रवेश गर्ने हरेक व्यक्तिहरुको नाम, ठेगाना, यात्रा प्रारम्भ स्थान, गन्तव्य स्थान, सम्पर्क नम्बर सहितको विवरण अनिवार्य रुपमा अभिलेख राखी उक्त विवरण आवश्यकता बमोजिम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने ।

६. खाद्यान्न लगायतका सामग्री ढुवानी गरी ल्याउने मालवाहक गाडीहरुमा चालक र सहयोगी सहित बढीमा २ जना भन्दा बढी सवार गर्न नदिने, त्यस्ता मालवाहक सवारी साधनहरुलाई नियमितरुपमा Disinfection गर्न तथा चालक र सहयोगी कर्मचारीको नियमित स्वास्थ्य परीक्षण गराउन सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

७. पसलहरुमा मानिसहरुको बढी भीडभाड तथा जमघट हुन नदिनका लागि पर्याप्त दुरी कायम गरी चिन्हान्कन (Marking) गरी सोही स्थानमा मात्र ग्राहक वस्ने व्यवस्था मिलाई बिक्रिवितरण गर्ने, सेवा प्रदायक र ग्राहकले अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाइजरको प्रयोग गर्ने जस्ता सुरक्षाका उपायहरु अवलम्बन गर्न नुवाकोट उद्योग वाणिज्य तथा नुवाकोट चेम्बर अफ कमर्श मार्फत सबै व्यवसायीमा अनुरोध गर्ने ।

८. यस जिल्ला स्थित त्रिशुली अस्पतालमा PCR ल्याब स्थापना तथा सञ्चालन गर्ने । हाललाई विदुर नगरपालिकाले PCR परीक्षण उपकरण खरिद गर्ने । उक्त उपकरण खरिद गर्ने लाग्ने रकम स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट उपलब्ध गराउन नुवाकोट क्षेत्र नं. २ का प्रतिनिधि सभाका सदस्यलाई अनुरोध गर्ने ।

९. जिल्ला कोभिड - १९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०४।२१ गतेको निर्णयानुसार यस जिल्लाको ककनी गाउँपालिकाको वडा नं. २ र ५ क्षेत्रमा अर्को आदेश नभएसम्मका लागि जारी गरिएकोमा उक्त क्षेत्रमा संक्रमित व्यक्तिसंग सम्पर्कमा आएका व्यक्तिहरुको पि.सि.आर. परीक्षण गर्दा सबैको नतीजा नेगेटीभ प्राप्त भएकोलेउक्त क्षेत्रमा जारी गरिएको निषेधाज्ञा आज मिति २०७७।०४।२२ गते विहिवार अपहरान्ह ४:०० बजे देखि हटाउने ।